# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्र विक्रम शाह सम्माननीय प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईका साथ भारतको औपचारिक भ्रमणमा नयाँ दिल्ली जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री यादव कान्त सिलवाललाई मिति २०४७।२।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

उद्योग मन्त्रालयका सचिव श्री भुवनेश्वर खत्री फिजीमा हुने एशियाली उत्पादकत्व संगठन (APO) को गभर्निङ्ग बडीको बैठकमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गणपतलाल राजभण्डारीलाई मिति २०४७।२।२७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

नरसिंहनारायण सिंह

श्री ५ को सरकारको सचिव

४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।